जनमुखी पत्रकारिताको अभ्यास

# लाल बिगुल

Lalbigul National Daily राष्ट्रिय दैनिक

वर्ष:- १५ अंक:- ५६ २०८२ साल असोज ५ आइतवार ( September 21, 2025) पृष्ठ संख्या:- ४ मुल्य रु : ५।-

## पश्चिम सेती जलविद्युत् आयोजनाको इआइए प्रक्रिया सुरु

बिगूल समाचार
५ असोज २०८२

डडेल्धुरा । करिब चार दशकदेखि अल्झिँदै आएको पश्चिम सेती जलविद्युत् आयोजना अहिले वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) चरणमा पुगेको छ। ८०० मेगावाट क्षमताको यो आयोजना प्रभावित क्षेत्रमा सामाजिक तथा भौतिक प्रभावबारे अध्ययन सुरु गरिएको छ। गत भदौ २२ गतेदेखि सुरु भएको सर्वेक्षणअन्तर्गत घरजग्गा विवरण संकलन र स्थानीय बासिन्दासँगको छलफल भइरहेको परामर्शदाता कम्पनीका प्रतिनिधिहरुले जनाएका छन् । प्रभावित हुने सम्भावित वस्तीका घरधनीलाई जग्गा पूर्जासहित विवरण पेश गर्न सूचना आह्वान गरिएको छ ।

यस आयोजनाले डडेल्धुराको नवदुर्गा गाउँपालिका ४ र ५, बैतडीको सिगास गाउँपालिका ५,६ र ७, डोटीको आदर्श गाउँपालिका-३,र६सायल गाउँपालिका-१ तथा बझाङको केदारस्यु गाउँपालिका-१,२र बित्थडचिर गाउँपालिका-९ मा असर गर्ने अनुमान गरिएको छ ।



पश्चिम सेती आयोजना अघि बढाउन अघिल्ला चरणमा अष्ट्रेलियाली र चिनियाँ कम्पनीले जिम्मा पाए पनि काम अघि बढाउन सकेका थिएनन्। पछिल्लो पटक चिनियाँ कम्पनीले सम्भाव्यता कमजोर भएको भन्दै आयोजना छोडेपछि सर कारले भारतीय कम्पनी एनएचपीसीलाई जिम्मा दिने प्रक्रिया अघि सारेको हो । लगानी बोर्डको अध्ययनअनुसार पश्चिम सेतीसँगै ४५० मेगावाट क्षमताको एसआर-६ आयोजना पनि बनाउन सकिने देखिएको छ । जापानी नियोग जाइकाले गरेको अध्ययनले यस आयोजनाको क्षमता ६५० मेगावाटसम्म पुग्न सक्ने निष्कर्ष निकालेको छ ।

आयोजना बन्न सकेमा नेपालको ऊर्जा सुरक्षामा ठूलो योगदान पुग्ने अपेक्षा गरिएको छ तर, प्रभावित क्षेत्रका बासिन्दाको पुनर्वास, सामाजिक असर र वातावरणीय जोखिमलाई प्राथमिकतामा राख्दै अगाडि बढाउनुपर्ने सरोकारवालाको जोड छ ।

## "दशैं-तिहारमा उपभोक्ता हित सुरक्षित गर्न बजार अनुगमन"

बिगूल समाचार
५ असोज २०८२

डडेल्धुरा । डडेल्धुरामा चाडपर्व नजिकिँदै गर्दा उपभोक्तालाई ठगी वा धोका हुन नदिन संयुक्त बजार अनुगमनलाई तीव्र बनाइएको छ । शनिबार सहायक प्रमुख जिल्ला अधिकारी साबित्रा पुनको नेतृत्वमा तुफानडाँडा र बागबजार क्षेत्रका विभिन्न पसलमा अनुगमन गर्दा एउटा पसलमा म्याद गुज्रिएका तथा अखाद्य सामान फेला परे । करिब रु. १३०० बराबरका ती सामान जफत गरी नष्ट गरिएको घरेलु तथा साना उद्योग कार्यालयले जनाएको छ ।

अनुगमन टोलीमा जिल्ला प्रशासन कार्यालय, अमरगढी नगरपालिका, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, आन्तरिक राजस्व कार्यालय, जिल्ला प्रहरी, पत्रकार महासंघ र उद्योग वाणिज्य संघका प्रतिनिधिहरू सहभागी थिए । टोलीले किराना, तरकारी, होटल र फ्रेसहाउससहित २४ वटा पसल जाँच गरेको थियो ।

जिल्ला प्रशासन कार्यालयका नासु चन्द्र रोकायाका अनुसार उपभोक्तालाई ठगी वा हानि हुनबाट जोगाउनु मुख्य उद्देश्य हो । यस क्रममा मूल्यसूची, तौल-नाप, कर, म्याद गुज्रिएका सामान र सरसफाइमा विशेष ध्यान दिइएको थियो ।

अनुगमनमा केही पसललाई तत्काल सुधार गर्न सुझाव दिइएको छ भने तरकारी-फलफुल पसललाई मूल्यसूची राख्न र होटल-फ्रेसहाउसलाई सरसफाइमा ध्यान दिन निर्देशन गरिएको छ । चाडपर्वमा अखाद्य वस्तु बिक्रीको सम्भावना बढ्ने भएकाले अनुगमनलाई निरन्तरता दिने सहायक प्रमुख जिल्ला अधिकारी पुनले जानकारी दिनुभयो ।


### स्वास्थ्य कार्यालय डडेल्धुराको जनहितमा जारी सन्देश

- खोपले रोगबाट बचाउँछ त्यसैले सबै बालबालिकालाई पूर्ण खोप लगाउनुहोस् नियमित खोप कार्यक्रममा सहभागी हुनुहोस् ।
- सुरक्षित मातृत्व - गर्भवती महिलाले कम्तिमा चारपटक गर्भजाँच गराउनुहोस् र स्वास्थ्य संस्थामा नै प्रसूति गराउनुहोस् ।
- गर्मी मौसममा हुन सक्ने झाडापखला लगायतका रोगहरूबाट बच्नका लागि साबुन पानीले हात धुनुहोस्, शुद्ध पानी पिउनुहोस्, खानेकुरा छोपेर राख्नुहोस्
- क्षयरोग नियन्त्रण दुई हप्ता भन्दा बढी खोकी लागेमा क्षयरोग परीक्षण गराउनुहोस् क्षयरोगको औषधि पूर्ण अवधि सेवन गर्नुहोस् ।
- डेंगु रोकथामका पानी जम्ने भाँडाहरू खालीह गर्नुहोस्, लामखुट्टेको टोकाइबाट बच्नुहोस्, ज्वरो आएमा तुरुन्त स्वास्थ्य संस्थामा जानुहोस्
- पोषण सुधार हजार दिनका आमा र बच्चालाई पौष्टिक आहार दिनुहोस्,

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
जिल्ला स्वास्थ्य कार्यालय, डडेल्धुरा

### अजयमेरु गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

अजयमेरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भद्रपुर, डडेल्धुरा

### दुर्गाथली गाउँपालिका बझाङ्ग को अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
,बझाङ्ग

# सम्पादकीय

## सम्पत्ति शुद्धिकरण आयोग : अबको अपरिहार्यता

नेपालमा प्रत्येक राजनीतिक परिवर्तनसँगै जनतामा एउटा ठूलो अपेक्षा जन्मिन्छ। देश भ्रष्टाचारमुक्त हुन्छ, सुशासनको आधार बलियो बन्छ, जनताले आफ्नो श्रमको प्रतिफल पाउँछन् । तर विडम्बना के छ भने, राजनीतिक दलहरू सत्तामा पुगेपछि जनतासँग गरेका वाचा प्रायः भुल्छन् र राज्यकोषलाई आफ्नै स्वार्थ पूर्तिको माध्यम बनाउँछन् । हिजोको आन्दोलनमा 'भ्रष्टाचार अन्त्य' भन्ने नारा भजाउने दल आज सत्तामा पुग्नेबित्तिकै त्यही भ्रष्टाचारमा डुबिरहेको चित्र बारम्बार देखिँदै आएको छ ।

यस्तो अवस्थामा मुलुकले केवल छानबिन आयोग बनाएर 'कसैले भ्रष्टाचार गरेको छ कि छैन' भन्ने सामान्य विषयमा सीमित हुने होइन, बरु सम्पत्ति शुद्धिकरण आयोग गठन गरेर सम्पूर्ण राजनीतिक नेतृत्व, उच्चपदस्थ कर्मचारी र निकायहरूको सम्पत्ति शुद्धिकरण गर्ने बाटो लिन जरुरी भइसकेको छ । किनभने समस्या छानबिनको कमी होइन, सम्पत्तिको स्रोत शुद्धीकरण गर्ने ठोस संयन्त्रको अभाव हो । नेपालमा प्रचलित अभ्यास हेर्ने हो भने, ठूला मुद्दामा 'छानबिन आयोग' बनाउनुपर्छ भन्ने आवाज समय-समयमा उठ्छ । तर ती आयोगहरू समय बिताउन, जनताको आक्रोश शान्त पार्न र दोषीलाई जोगाउन प्रयोग भएको इतिहास छ । छानबिन आयोग बने पनि अन्ततः ठूला माछा बच्ने र साना कर्मचारीमात्रै फस्ने प्रवृत्ति सर्वविदित छ। यही कारणले गर्दा जनतामा अब छानबिन आयोगमाथि विश्वास हराउँदै गएको छ ।

सम्पत्ति शुद्धिकरण आयोग गठन भयो भने यो केवल भ्रष्टाचार नियन्त्रणको कदम मात्र हुने छैन, यो सामाजिक न्याय र पारदर्शी शासनको आधार पनि हुनेछ। किनभने वर्तमान अवस्थामा नेपालमा धनी र गरीबबीचको खाडल बढ्दै गएको छ । केही वर्गले अकस्मात् अपार सम्पत्ति आर्जन गरेका छन्, जबकि अधिकांश जनसाधारण आधार भूत आवश्यकतामा समेत अभाव खेपिरहेका छन्। यस्तो असमानताको मुख्य कारण अवैध सम्पत्ति हो । त्यसलाई नियन्त्रण गर्न सकेन भने सामाजिक असन्तोष चर्किँदै जानेछ ।

त्यसका लागि आयोगले सम्पत्ति विवरण संकलन मात्र होइन, त्यसको वैज्ञानिक मूल्याङ्कन र स्रोत पहिचान गर्नुपर्नेछ । उदाहरणका लागि, कुनै व्यक्तिले आफ्नो जागिर वा वैध व्यवसायबाट पाउने आम्दानीभन्दा धेरै सम्पत्ति आर्जन गरेको देखियो भने त्यसको स्रोत खुलाउनुपर्नेछ । स्रोत खुलाउन नसक्ने अवस्था आएमा त्यो सम्पत्ति जफत गरिनुपर्छ । यस्तै अभ्यास अन्तर्राष्ट्रियस्तरमा पनि सफल भएका छन्। केही देशहरूले सम्पत्ति शुद्धिकरण अभियानमार्फत अवैध सम्पत्ति पुनः राज्यकोशमा फर्काएका उदाहरणहरू छन्। नेपालले पनि त्यस्तो बाटो लिन सक्ने हो भने भ्रष्टाचार नियन्त्रणमा ठूलो फड्को मार्नेछ ।

अब प्रश्न उठ्छ यस किसिमको आयोग गठन गर्ने राजनीतिक इच्छाशक्ति कसले देखाउने ? प्रष्ट छ, जसले पनि यस्तो आयोग गठन गर्ने पहल गर्छ, उसलाई सुरुवातमै चर्को दबाब र प्रतिरोध सहनुपर्नेछ । किनभने सम्पत्ति शुद्धिकरणको विषयमा सबैभन्दा बढी असहज हुने भनेका नै राजनीतिक नेतृत्व र उच्चपदस्थ कर्मचारी हुन् । तर राष्ट्र र जनताको हितलाई प्राथमिकतामा राख्ने हो भने यो प्रतिरोधलाई सामना गरेर अगाडि बढ्नैपर्छ ।

अर्को कुरा, आयोग गठन गर्दा त्यसलाई केवल कागजी खोस्टामा सीमित नगरी कानुनी शक्तिशाली बनाउनुपर्छ। छानबिन गर्न, सम्पत्ति जफत गर्न, विदेशमा लुकाइएका सम्पत्ति समेत फर्काउने अधिकार दिनुपर्छ। आयोग स्वतन्त्र र निष्पक्ष हुनुपर्छ, जसमा कुनै राजनीतिक हस्तक्षेप हुने ठाउँ नहोस्। त्यसैले अब ढिलाइ गर्नु हुन्न। छानबिन मात्र गर्ने नाममा नयाँ आयोगहरू बनाएर समय खर्चिनु र जनताको आशा भङ्ग गर्नु अब बेमानी हुनेछ ।

यसकारण, सम्पत्ति शुद्धिकरण आयोग गठन गरी सम्पूर्ण उच्चपदस्थ कर्मचारीदेखि राजनीतिक दलका नेतासम्म सबैको सम्पत्ति परीक्षण गर्नु आजको अपरिहार्यता हो । यही बाटोले मात्र पारदर्शी शासन, सामाजिक न्याय र भ्रष्टाचारमुक्त नेपालतर्फको यात्रालाई गति दिन सक्छ । जनताको विश्वास पुनःस्थापना गर्न, असमानता घटाउन र भविष्यको पुस्तालाई शुद्ध राजनीतिक संस्कृति हस्तान्तरण गर्न यही उपाय अबको सर्वश्रेष्ठ विकल्प हो ।

# अग्निपरीक्षामा नवयुवा पुस्ता र अन्तरिम सरकार



बोर्णबहादुर कार्की

धेरै रस्साकस्सीपछि अन्ततः अन्तरिम सरकार बनेको छ । यदि अन्तरिम सरकार नबनेको भए देश खरानीमा परिणत हुने सम्भावना थियो । विभिन्न षड्यन्त्र हुँदाहुँदै पनि, त्यस्ता चलखेल चिर्दै अन्तरिम सरकार बन्यो, मुलुक बच्यो । जेनजी (नवयुवा पुस्ता), नेपाली सेना र राष्ट्रपति रामचन्द्र पौडेलले भयानक संकटबाट मुलुक बचाउन निर्वाह गरेको भूमिका निकै प्रशंसनीय छ । भ्रष्टाचार, कुशासन तथा बेथितिका विरूद्ध आफ्नो जीवनको ऊर्जावान समय खर्च गरिसकेकी न्यायमूर्ति सुशीला कार्कीको हातमा मुलुकको शासनसत्ताको बागडोर पुग्नु आफैँमा उपलब्धिको सुरुआत हो ।

यदि संसदबाटै समस्याको निकास दिनसक्ने परिस्थिति बाँकी रहेको भए सुरक्षित अवतरण हुन सक्थ्यो होला, तर तत्कालीन प्रतिनिधिसभा भ्रष्टाचार, कुशासन तथा बेथितिका प्रतीककै रूपमा रहेका नेताहरूको कठपुतलीमा परिणत भइसकेको थियो । यस्तो प्रतिनिधिसभा राखिरहनु थप प्रत्युत्पादक हुन सक्थ्यो। त्यसैले प्रतिनिधिसभा विघटन गरी नयाँ निर्वाचनको मिति तय भएको हो। ताजा जनादेशबिना समस्या समाधान नहुने र साविकको प्रतिनिधिसभा विघटन नभएसम्म ताजा जनादेशका लागि मार्गप्रशस्त नहुने ठहरमा देश पुगेको यथार्थलाई बिर्सनुहुन्न ।

अन्तरिम सरकार त बनेको छ, तर यसका अघि निकै चुनौतीहरू छन्। पहिलो चुनौती शान्ति हो। देशमा शान्ति सुव्यवस्था कायम गरेर जनतालाई ढुक्क हुने वातावरण बनाउन अन्तरिम सरकार, सेना र राष्ट्रपतिको भूमिका निकै महत्त्वपूर्ण हुन्छ । व्यक्तिगत स्वार्थका लागि देश र जनतामाथि जस्तोसुकै गद्दारी गर्न पनि पछि नपर्ने व्यक्तिहरूका हातबाट खोसेर योग्य, इमानदार तथा विधिको शासनप्रति प्रतिवद्ध व्यक्तिको हातमा सत्ता पुऱ्याउन ठुलो कुर्बानी गरेको जेनजी पुस्ताको आत्मबल घट्न नदिनु अहिलेको आवश्यकता हो। अहिले खास गरेर नेपाली कांग्रेस, एमाले, माओवादी केन्द्र लगायतका दलहरू अन्तरिम सरकारलाई असफल गराउन उद्दत हुँदै छन् ।

नवयुवालाई आन्दोलनमा उतार्ने अनि असंगठित अवस्थामा छोडिदिने हो भने उनीहरू स्वयंलाई मात्रै होइन देशकै लागि घातक हुनसक्छ । नवयुवा आन्दोलनका क्रममा देशव्यापी रूपमा जति युवाहरूको सहभागिता देखिएको छ, उनीहरू संगठित भई पार्टी निर्माण गरी आगामी चुनावमा होमिए भने साविकका मूलधार भनिने पार्टीहरूभन्दा कमजोर हुने छैनन् ।

अन्तरिम सरकारको अर्को मुख्य जिम्मेवारी आगामी आमनिर्वाचन तोकिएकै समयको सेरोफेरोमा शान्तिपूर्ण र विश्वसनीय ढंगले सम्पन्न गराउनु हो । यो निर्वाचनको परिणाम आफ्नो अनुकूल नहुने सम्भावना देखिए दलहरूले निर्वाचन बिथोल्ने कोसिस गर्नेछन् । यो निर्वाचन सम्पन्न हुनसकेन भने देश आन्तरिक द्वन्द्वमा नराम्रोसँग फस्नेछ । त्यसैले निर्वाचन हुनुभन्दा केही समयअगाडि सरकारलाई राष्ट्रिय स्वरूपको बनाउनु पर्दछ । जसले गर्दा सबै दल चुनाव सफल गराउनतिर लाग्न वाध्य हुनेछन् । यो परिवर्तन नवयुवा पुस्ताले गरेको आन्दोलन र बलिदानीपूर्ण संघर्षले गर्दा भएको हो । उनीहरूको भावनालाई सम्मान तथा कदर गर्ने कोसिस सरकारले भरमग्दुर गर्नुपर्छ । होइन भने यी युवा फेरि भड्कन सक्ने सम्भावना रहन्छ । यस्तो अवस्थामा मुलुक पुनः द्वन्द्वमा फस्नेछ ।

आन्दोलनकारी नवयुवाहरूको मुख्य आक्रोश देशमा बढ्दो भ्रष्टाचार र अख्तियार दुरूपयोग हो। राज्य शक्तिको आडमा आफू र आफ्ना आसेपासेहरूले गरेका भ्रष्टाचारलाई सत्तामा रहनेहरूले ढाकछोप गर्दै आएका छन् । अब अन्तरिम सरकारले उनीहरूलाई कारबाहीको दायरामा ल्याउन सक्नुपर्छ । आमजनताको आवाज छ, '२०४६ सालयता सत्तामा पुगेका राजनीतिक नेता, कार्यकर्ता तथा कर्मचारी लगायतको सम्पत्ति छानबिन गर्नुपर्छ। स्रोत नखुलेको सम्पत्ति जफत गर्नुपर्छ।'

**नवयुवालाई आन्दोलनमा उतार्ने अनि असंगठित अवस्थामा छोडिदिने हो भने उनीहरू स्वयंलाई मात्रै होइन देशकै लागि घातक हुनसक्छ । नवयुवा आन्दोलनका क्रममा देशव्यापी रूपमा जति युवाहरूको सहभागिता देखिएको छ, उनीहरू संगठित भई पार्टी निर्माण गरी आगामी चुनावमा होमिए भने साविकका मूलधार भनिने पार्टीहरूभन्दा कमजोर हुने छैनन् ।**

यो आमजनअपेक्षा सम्बोधन गर्नका लागि अन्तरिम सरकारले शक्तिसम्पन्न उच्चस्तरीय छानबिन आयोग बनाउन ढिला गर्नु हुँदैन। होइन भने अन्तरिम सरकारप्रति जनताको विश्वास टुट्नेछ भ्रष्टाचार नियन्त्रण तथा सुशासनको माग राखेर नवयुवाले आह्वान गरेको आन्दोलन दबाउन सरकारले अत्यधिक शक्ति दुरूपयोग गरी कैयौँको संहार गरेको घटना नेपालको इतिहासकै सबैभन्दा ठूलो कलंक हो । नवयुवाहरूको संहार गर्ने अपराधमा संलग्न हुनेहरूलाई कारबाहीको दायरामा ल्याएर दण्डित गर्न सक्नुपर्छ। संहारकारीहरूमध्ये कमजोर र सानालाई कारबाही गरेर ठुलालाई बचाउँदा एकातिर जनता र आन्दोलनकारीको चित्त बुझ्न सम्भव छैन भने अर्कातिर देशमा दण्डिहीनता थप मौलाउनेछ। तत्कालीन प्रधानमन्त्री, गृहमन्त्रीसम्मलाई कारबाहीको दायरामा ल्याउन सक्नुपर्नेछ । सम्भवतः यही नै अन्तरिम सरकारको अग्निपरीक्षा हुनेछ ।

राज्यका सबै अंग र निकाय भ्रष्टाचारमा चुर्लुम्म डुबेका छन् । भ्रष्टाचारीलाई कारबाही हुन्छ भन्ने सन्देश दिनेगरी अन्तरिम सरकारले काम गर्नुपर्छ । तर सबै काम एकैचोटी के कति सम्भव हुन्छन्, त्यसको लेखाजोखा गर्दै प्राथमिकता क्रम निर्धारण गर्नुपर्छ । २३ भदौमा राज्यद्वारा मारिएकाहरूलाई सहिद घोषणा गरेको छ । अब उनीहरूका परिवारलाई क्षतिपूर्ति र राहत दिन ढिलो गर्नु हुँदैन। लुटपाट गर्ने क्रममा सावधानी अपनाउन नसक्दा दुर्घटनामा परेर मरेका व्यक्तिलाई र भ्रष्टाचार तथा सुशासन कायम होस् भन्दै शान्तिपूर्ण प्रदर्शनमा उत्रिँदा राज्यबाट गोली हानेर मारिएकालाई सोलोडोलो सहिद घोषणा गरी एउटै कित्तामा राखेर राहत दिँदा बास्तविक सहिद परिवारको चित्त दुख्न सक्छ । कतै यस्तै त हुँदै छैन भन्ने आशंका आन्दोलनकारी नवयुवामा बढ्न थालेको छ । यो आशंकालाई निवारण गर्न सरकारले अविलम्व काम अघि बढाउनुपर्छ ।

### नवयुवाहरूको उत्साह मर्ने खतरा

नेपालको इतिहासकै सबैभन्दा नालायक सरकार तथा यसका दम्भी प्रधानमन्त्री फाल्न सक्नु नवयुवा पुस्ताको ठुलो वीरता हो । यो परिवर्तन आफैँमा युगान्तकारी हो। तर, परिवर्तन जति जटिल हुन्छ, त्योभन्दा कैयौँ गुणा जटिल परिवर्तनका एजेन्डालाई संस्थागत गर्ने मामिलामा हुन्छ। नेपालको अहिलेसम्मका राजनीतिक क्रान्तिका इतिहास हेर्ने हो भने पनि परिवर्तनका एजेन्डा संस्थागत गर्ने विन्दुमा पुगेर सधैँ बेइमानी हुँदै आएको देखिन्छ ।

चाहे २००७ सालको क्रान्तिका उपलब्धि होउन्, चाहे २०४६ सालको जनआन्दोलनका लक्ष्य होउन् वा जनआन्दोलन २०६२-२०६३ तिरका उपलब्धिहरू होउन्, संस्थागत गर्न नसक्दा नै मुलुक यो दुरावस्थामा आइपुगेको हो । अहिलेको नवयुवा पुस्ताले गरेको आन्दोलनले कुनै पनि हालतमा विगतका परिवर्तनजस्तो हविगत बेहोर्नु हुँदैन। नवयुवा आन्दोलनमा धेरै निहत्था किशोरकिशोरीले ज्यान गुमाए। यो आन्दोलन राजधानी काठमाडौँ उपत्यकामा मात्रै सीमित रहेन । मेचीदेखि महाकालीसम्म सबै क्षेत्रमा यसको प्रभाव देखियो ।

यसरी हेर्दा नवयुवा पुस्ता निकै ठुलो शक्ति भएको देखिन्छ। तर यो समूह न त खास सिद्धान्त, विचार बाट न त कुनै बादबाट परिचालित भएको देखिन्छ । केबल देशलाई भ्रष्टाचारमुक्त गर्ने र सुशासन कायम गर्ने एजेन्डामा एकत्रित भएको देखिन्छ । उनीहरू असंगठित देखिन्छन् । उनीहरूको न त संगठनात्मक संरचना छ, न त पार्टी नै। नवयुवाको आगामी कार्यक्रम के हो ? भन्ने कुरामा पनि अन्योल छ। उनीहरूले आफ्नो सबै भरोसा अन्तरिम सरकार, राष्ट्रपति र नेपाली सेनालाई गरेको अवस्था छ । यदि देशको नियती यहाँभन्दा पनि थप खराब अवस्थामा पुग्न लेखेको रहेनछ भने आगामी २१ फागुनमा आमनिर्वाचन हुनेछ, तयारी तथा गृहकार्यका क्रममा २-३ महिना समय थपियो भने त्यसलाई अन्यथा लिन मिल्दैन । किनकि दसैं, तिहार, छठ लगायतका चाडपर्व सुरू भइसकेका छन्। मतदाता नामावलीमा नवयुवा पुस्तालाई समेट्ने गरी अध्यादेशमार्फत् कानुनी व्यवस्था गर्न पनि बाँकी नै छ । विदेशमा रहनेहरूले प्रत्यक्ष तर्फका उम्मेदवार लाई मतदान गर्ने अवस्था सिर्जना गर्न नसकिए पनि समानुपातिकतर्फ मतदान गर्ने वातावरण निर्माण पनि त्यतिकै जरूरी छ ।

यति मात्रै होइन अबको निर्वाचनमा परिवर्तनको भावनालाई प्रतिनिधित्व गर्ने दलहरू पनि आउने नै छन् । नयाँ दल दर्ताका लागि पनि निर्वाचन आयोगलाई लामै समय लाग्छ। किनकि एउटा दल दर्ताका लागि सयौँ मतदाताको हस्ताक्षर चाहिन्छ। तसर्थ यसको भेरीफाई गर्न समय लाग्छ । यदि नवयुवा (जेनजी) को भावना प्रतिनिधित्व गर्ने पार्टीको उपस्थिति आगामी प्रतिनिधिसभामा भएन भने अर्को अनर्थ हुन्छ। किनकि आगामी प्रतिनिधिसभा भनेको केवल संसद् मात्रै होइन, संविधान परिमार्जनसभा पनि हो ।

यस्तो सभामा परिवर्तनकारी शक्तिको बाहुल्यता नभए पनि सशक्त उपस्थिति भएन भने उनीहरूको विचार, एजेन्डा र कार्यक्रम अलपत्र पर्छ । उनीहरूको बलिदान पनि अर्थहीन हुन जान्छ। यस्तो अवस्थामा ठुलो नवयुवा शक्ति विघटन (विसर्जन) हुन पुग्छ । अब यो परिवर्तनलाई संस्थागत रूपमा लिपिवद्ध गर्ने चुनौतीलाई पनि सामान्य रूपमा लिनुहुन्न । यथास्थितिवादी नेताहरू आफ्नो पार्टीभित्र अझै पनि प्राधिकारकै रूपमा छन्। त्यसभन्दा पनि ठुलो कुरा आफ्नो जीवन कुर्बानी गरेको जेनजी पुस्ताको आत्मबल घट्न नदिनु अहिलेको आवश्यकता हो । जसरी लोकतन्त्रको विकल्प अझ समुन्नत लोकतन्त्र हो, त्यसरी नै बहुदलीय शासन व्यवस्थामा दलहरूको

## पाटन नगरपालिका बैतडीको जनहितमा जारी सन्देश

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन बैतडी

लाल बिगूल राष्ट्रिय दैनिक
२०८२ साल असोज ५ आइतवार


## डडेल्धुरा जिल्ला केहि महत्वपूर्ण नम्बरहरु

| | |
|---|---|
| लाल बिगूल दैनिकः- | ९८५८७५१६००/९८०५५९९७५० |
| जिल्ला प्रशासन कार्यालय डडेल्धुराः- | ०९६-४२०१३३/४२०५५५ |
| जिल्ला अदालत डडेल्धुराः- | ०९६-४२०१३०/४२०४८३ |
| जिल्ला समन्वय समिति डडेल्धुराः- | ०९६-४१०१४४ |
| जिल्ला प्रहरी कार्यालय डडेल्धुराः- | ०९६-४२०१९९/४२०१७६ |
| रणबम गण दहब्यारेक डडेल्धुराः- | ०९६-४२०२००/४२०५०० |
| राष्ट्रिय अनुसन्धान कार्यालय डडेल्धुराः | ०९६-४२०१७७ |
| रा.प्र.ब. नेपाल ५२ नं. गुल्म हेडक्वाटरः- | ९८५१२७२५१३ |
| डडेल्धुरा अस्पताल डडेल्धुराः- | ०९६-४१०२४५/४२०१६५ |
| शिक्षा विकास तथा समन्वय इकाई डडेल्धुराः- | ०९६-४२०१३५ |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डडेल्धुराः- | ०९६-४१०११४ |
| खनेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुराः- | ०९६-४१०१५० |
| स्वास्थ्य कार्यालय डडेल्धुराः- | ०९६-४१०११८/४१०२३८ |
| डिभिजन बन कार्यालय डडेल्धुराः- | ०९६-४२०१४५ |
| जिल्ला सरकारी वकिल कार्यालय डडेल्धुराः- | ०९६-४२०२३७ |
| जलस्रोत तथा सिचाई डिभिजन कार्यालय डडेल्धुराः- | ०९६-४१०१२५ |
| कृषि ज्ञान केन्द्र डडेल्धुराः- | ०९६-४१०११२ |
| भू- तथा जलाधार व्यवस्थापन कारयालय डडेल्धुराः- | ०९६-४१०११५ |
| मालपोत कार्यालय डडेल्धुराः- | ०९६-४१०१७१ |
| नापी कार्यालय डडेल्धुराः- | ०९६-४१०१६७ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय डडेल्धुराः- | ०९६-४१०१७७ |
| जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्र डडेल्धुराः- | ०९६-४१०१०६ |
| घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुराः- | ०९६-४१०१६४ |
| तरकारी विउ उत्पादन केन्द्र डडेल्धुराः- | ०९६-४२०१७५ |
| जिल्ला निर्वाचन कार्यालय डडेल्धुराः- | ०९६-४१०१५४ |
| जिल्ला हुलाक कार्यालय डडेल्धुराः- | ०९६-४२०१४१ |
| शाखा तथ्याङ्क कार्यलय डडेल्धुराः- | ०९६-४१०१८५ |
| जल तथा मौसम विज्ञान विभाग डडेल्धुराः- | ०९६-४२०२२१ |
| डडेल्धुरा कारागार शाखाः- | ०९६-४१९२१५ |
| जिल्ला खेलकुद समिति डडेल्धुराः- | ९८४८७२८२६३ |
| यातायात कार्यालय डडेल्धुराः- | ०९६-४२०२४१ |
| सामाजिक विकास कार्यालय डडेल्धुराः- | ९८५८७८३२३२ |
| अमरगढी नगरपालिका डडेल्धुराः- | ०९६-४१०२२२ |
| परशुराम नगरपालिका डडेल्धुराः- | ०९६-४११००४ |
| अजयमेरू गाउँपालिका डडेल्धुराः- | ९८५५७८५५५० |
| गन्यापधुरा गाउँपालिका डडेल्धुराः- | ९८५८७८८७०७ |
| आलिताल गाउँपालिका डडेल्धुराः- | ९८५८७८१०२० |
| भागेश्वर गाउँपालिका डडेल्धुराः- | ९८४१९६३८९६ |
| नवदुर्गा गाउँपालिका डडेल्धुराः- | ९८५८७४५४३० |
| प्रधानमन्त्री कृषि आधुनीकरण परियोजनाः- | ०९६-४१००९२ |
| आन्तरिक राजश्व कार्यालय डडेल्धुराः- | ०९६-४१०३०८ |
| खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयः- | ९८५८७७५००४ |
| पूर्वाधार विकास कार्यालय डडेल्धुराः- | ०९६-४१००६१ |
| राष्ट्रिय परीक्षा बोर्ड डडेल्धुराः- | ०९६-४२०२१३/४२०२१४ |
| नेपाल विद्युत प्राधिकरण डडेल्धुराः- | ०९६-४२०२४५/४२०४७५ |
| दुरसञ्चार कार्यालय डडेल्धुराः- | ०९६-४२०१०८ |
| साल्ट ट्रेडिङ्ग डडेल्धुराः- | ९८४८८०५५८२ |
| जोगबुढा अस्पताल लालढुङ्गा डडेल्धुराः- | ०९६-४११००८ |
| इलाका प्रशासन कार्यालय जोगबुढा डडेल्धुराः- | ०९६-४११०७२ |
| डडेल्धुरा उग्रतारा यातायात प्रा.लि. डडेल्धुराः- | ०९६-४२००६३ |
| बिजुली बस सेवा प्रा.लि. डडेल्धुराः- | ९८५८७५३०५५ |
| डडेल्धुरा सार्वजनिक पुस्तकालय डडेल्धुराः- | ०९६-४२०३५३ |
| जिल्ला रेडक्रस ब्लडका लागिः- | ९८४७०९०१७४ |
| एम्बुलेन्स डडेल्धुरा अस्पतालः- | ०९६-४१०१६५ |
| उद्योग विणिज्य संघ डडेल्धुराः- | ०९६-४२०६११ |
| बहुउद्देश्यीय विकास समाज डडेल्धुराः- | ०९६-४१००१३ |
| रुडुक डडेल्धुराः- | ०९६-४१०४०२ |
| महिला मुक्ति समाज डडेल्धुराः- | ०९६-४२०३८९ |
| एकीकृत विकास समाज डडेल्धुराः- | ०९६-४२०१७९ |
| हरमस नेपालः- | ०९६-४२०१४७ |
| नेपाली काङ्ग्रेस डडेल्धुराः- | ०९६-४२०१६९ |
| नेकपा एमाले डडेल्धुराः- | ०९६-४१०१०५ |
| नेकपा (माओवादी केन्द्र) डडेल्धुराः- | ९८५११५१००८ |
| राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) | ९८४९७११५३८ |
| नेकपा एकीकृत समाजवादी डडेल्धुराः- | ९८५८७५१४३५ |
| डडेल्धुरा बहुमुखी क्याम्पस डडेल्धुराः- | ०९६-४१०१८९ |
| त्रिवेणी बहुमुखी क्याम्पस जोगबुढाः- | ९८५८७८६२५८ |
| भिमदत्त बहुमुकी क्याम्पस डडेल्धुराः- | ०९६-४२०७५० |
| मिहेन्द्र मा.वि. डडेल्धुरा :- | ९८४८७६६०३० |
| न्यू कैलपाल अप्सेट प्रेस, डडेल्धुरा :- | ०९६-४१०११६ |

तपाईको ठाउँमा हुने हरेक घटना समाचार बन्न सक्छन् त्यसैले तपाईहरूको साथी लाल बिगूल राष्ट्रिय दैनिकलाई सम्भिनु होला।


## डडेल्धुरा अस्पताल डडेल्धुरा

### समाजिक सेवा एकाईमा समावेश भएका लक्षित समूहहरू

| क्र.सं. | लक्षित समुह | आवश्यक कागजातहरू |
|---|---|---|
| १ | गरिब | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| २ | असहाय | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| ३ | अपाङ्ग भएको व्यक्ति | नेपाल सरकारबाट प्राप्त अपाङ्ग परिचय पत्र, परिचय पत्र-'क'वर्गकोलाई पूर्ण तथा 'ख' वर्गलाई छुट |
| ४ | जेष्ठ नागरिक | नेपाल सरकारबाट जेष्ठ नागरिकका रूपमा समाजिक सुरक्षा भत्ता पाउने गरी उपलब्ध गराईएको परिचयपत्र र नेपाली नागरिकताको प्रतिलिपी |
| ५ | लैङ्गिक हिंसा प्रभावित (बालवालिका समेत) | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन कार्यालय र अस्पतालको एकद्वार संकट व्यवस्थापन केन्द्रको लैङ्गिक हिंसा सिफारिस पत्र |
| ६ | महिला स्वास्थ्य स्वयम सेविका | महिला स्वास्थ्य स्वयम सेविका परिचय पत्र |
| ७ | प्राकृतिक प्रकोपबाट प्रभावित व्यक्ति | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन र सबन्धित निकायको सिफारिस पत्र |
| ८ | शहिद परिवार | शहिद परिवार परिचय पत्र |
| ९ | कुपोषित बालवालिका | उपचारमा संलग्न चिकित्सक/स्वास्थ्यकर्मीको सिफारिस |
| १० | लोपउन्मुख जाती | संवैधानिक व्यवस्था अनुसारका जातीहरु |
| ११ | दुर्घटना परेका र प्रहरीद्वारा ल्याईएको थुनुवा बिमारीहरू | संलग्न प्रहरी प्रतिवेदन र पत्र |

नोटः आवश्यक कागजात र प्रक्रिया नपुगेका व्यक्तिहरूलाई सामाजिक सेवा उपलब्ध हुने छैन ।

- हाललाई एक व्यक्तिलाई एक महिनामा एक पटक मात्र सामाजिक सेवा मार्फतको सेवा उपलब्ध गराईनेछ ।
- नयाँ विमारीका हकमा सामाजिक सेवा इकाई मार्फतको ओ.पि.डि. । टिकट बनाउने समय-सार्वजनिक बिदाका दिन बाहेक बिहिवार सम्म बिहान १०:०० बजे देखि दिउँसो १:०० बजेट सम्म र शुक्रबार १२:०० बजे सम्म मात्र बनाइने छ । साथै अन्य प्रयोजनका लागि दिउँसो कार्यालय अवधी भर मात्रै काउन्टर खुल्ला रहने छ ।

सामाजिक सेवा एकाई

डडेल्धुरा अस्पताल डडेल्धुरा



## खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुराद्वारा जनहितमा जारी सन्देश

- बजारबाट खाद्य वस्तु खरिद गर्दा उत्पादन मिति (Manufacture Date), उपभोग मिति (Expiry Date) र ब्याच नम्बर अनिवार्यरूपमा जाँच गर्नुहोस् ।
- प्याकेजिङ्ग नभएका, दुर्गन्धित, फोहर तथा शंकास्पद वस्तु नकिन्नुहोस् ।
- गुणस्तर चिन्ह (जस्तैः NS मार्क) भएको वस्तु मात्र उपभोग गर्नुहोस् ।
- नुन, तेल, चिनी, दुधजन्य पदार्थ लगायत दैनिक उपभोग्य वस्तु खरिद गर्दा सरकारी मापदण्डमा आधारित छन् कि छैनन् भन्ने जाँच गर्नुहोस् ।
- कुनैपनि खाद्य वस्तुमा शंकास्पद गतिविधि देखिएमा वा म्याद नाघेका वस्तु बिक्री भइरहेको भएमा नजिकको उपभोक्ता मञ्च वा यस कार्यालयमा जानकारी गराउनुहोस् ।
- कस्वस्थ्य जिवनका लागि सुरक्षित खानेकुराको आवश्यकता हुन्छ । त्यसैले भिंगा भन्केका वा धूलो परेका खुल्ला रूपमा बेचिने मिठाई, पानीपुरी, चटपटे जस्ता खानेकुरा नखानुहोस् ।

"म्याद र गुणस्तर हेरेर मात्र सुरक्षित खानेकुरा रोजौं ।
स्वस्थ जीवनको समृद्ध मुलुक र गुणस्तर चिन्हलाई नै खोजौं ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुरा


# अग्निपरीक्षामा नवयुवा पुस्ता र अन्तरिम सरकार

विकल्प भनेको अझ परिष्कृत दलहरू नै हुन् । यदि ठुला दलहरूले वर्तमान संविधान तथा बहुलवादको निरन्तरता चाहन्छन् भने उनीहरू सच्चिनुबाहेक अर्को विकल्प छैन । उनीहरू सच्चिन तयार भएनन् भने नुवयुवा पुस्ता, नेपाली सेना र राष्ट्रपति पौडेलले अहिले गरेको प्रयत्नले मात्रै संविधान र बहुलवाद जोगिन सम्भव छैन । युवा पुस्तामा मात्रै होइन आमजनतामा समेत दलहरूप्रतिको भरोसा टुट्दै गएको र स्वतन्त्रका नाममा निर्दलीयताको भावना बढ्दै गएको देखिन्छ ।

बहुसंख्यक जनतामा दलीय आस्था टुट्नासाथ नेपालको संविधान २०७२ आफैं सकिन्छ। जनतामा दलीय आस्था टुट्न नदिनका लागि प्रमुख दलहरू सच्चिनुबाहेक अर्को विकल्प छैन । पछिल्ला केही महिनायता दलीय आवद्धता त्याग्दै आफूलाई स्वतन्त्र घोषणा गर्ने कार्यकर्ताको संख्या यसै पनि बढ्दै गएको थियो। जेनजी आन्दोलनपछि यो क्रम ह्वात्तै बढेको छ । तर दलको आवद्धता परित्याग समाधानको बाटो होइन । आन्दोलनकारी नवयुवापुस्ता द्वारा सशक्त दल निर्माण गर्नु नै समस्या समाधानको बाटो हो ।

अप्रत्यक्ष रूपमा यो समूहका नेता काठमाडौं महानगरपालिकाका मेयर नेता बालेन शाह हुन् कि जस्तो देखिन्छ । अतः बालेनका काँधमा ऐतिहासिक जिम्मेवारी आएको छ । यो समूहलाई संगठित रूपमा पार्टी निर्माण गरेर आगामी आमनिर्वाचनमा सहभागी गराउन जति जरूरी छ । यो समूहले उल्लेख्य सिट हासिल गर्न पनि त्यतिकै जरूरी छ । यसो भयो भने मात्रै उनीहरूले आगामी प्रतिनिधिसभामार्फत आफ्ना एजेन्डा कार्यान्वयनमा लैजान सक्छन् ।

नवयुवालाई आन्दोलनमा उतार्ने अनि असंगठित अवस्थामा छोडिदिने हो भने उनीहरू स्वयंलाई मात्रै होइन देशकै लागि घातक हुनसक्छ । नवयुवा आन्दोलनका क्रममा देशव्यापी जति युवाहरूको सहभागिता देखिएको छ, उनीहरू संगठित भई पार्टी निर्माण गरी आगामी चुनावमा होमिए भने साविकका मूलधार भनिने पार्टीहरूभन्दा कमजोर हुने छैनन् । किनकि अहिलेसम्म क्रान्ति लगत्तै जे जति निर्वाचन भएका छन्, ती सबैमा क्रान्तिको अगुवाई गर्ने शक्तिले चुनाव जितेको छ ।

उदाहरणका लागि २००७ सालको क्रान्तिपछि २०१५ सालमा भएको आमनिर्वाचनमा नेपाली कांग्रेसले दुईतिहाइ बहुमत ल्याएको थियो । किनकि २००७ सालको क्रान्ति नेपाली कांग्रेसको नेतृत्वमा भएको थियो । २०४६ सालको जनआन्दोलन सफल भएलगत्तै २०४८ सालमा भएको आमनिर्वाचनमा पनि नेपाली कांग्रेसले बहुमत ल्याएको थियो, किनकि त्यो आन्दोलनको नेतृत्व नेपाली कांग्रेसका सर्वमान्य नेता गणेशमान सिंहले गरेका थिए । यसैगरी २०६२-२०६३ को परिवर्तनपछि २०६५ सालमा सम्पन्न आमनिर्वाचनमा नेकपा (माओवादी)ले प्रत्यक्ष तर्फका सिटमा बहुमत ल्याएको थियो ।

किनकि देशमा गणतन्त्र स्थापना गर्ने आन्दोलनको आह्वान माओवादीले गरेको थियो । त्यसैले परिवर्तनको एजेन्डा तथा आन्दोलन जसले गरेको हो, परिवर्तन पछिको चुनावमा उल्लेख्य जनताले उसैलाई भोट दिने प्रचलन र हिआएको देखिन्छ । यस हिसाबले आन्दोलनकारी नवयुवा पुस्ताका लागि अब तत्कालको कार्यभार भनेको जतिसक्दो छिटो संगठित हुँदै पार्टी निर्माण गरी आफ्ना एजेन्डासहित जनतामा पुग्नु हो ।

# दशैं नजिकिएसँगै भारतबाट घर फर्कने नेपालीको लर्को

**बिगूल समाचार**
**५ असोज २०८२**



कैलाली। दशैं नजिकिएसँगै भारतबाट काम गरी घर फर्कने नेपालीको लर्को लाग्न थालेको छ। भारतको दिल्ली, बेङ्लोरु, गुजरात लगायतका स्थानबाट नेपालीहरु काम गरी घर फर्कन थालेका हुन्।

कैलालीको गौरीफन्टा नाका हुँदै नेपालीहरु घर पर्कन थालेका छन्। सो नाका हुँदै दशैं मनाउन सुदूरपश्चिमका पहाडी ७ जिल्लाका मानिसहरु बढी आउने गरेका छन्। गत शनिबार छ सय ४०, आइतबार छ सय ६५, सोमबार आठ सय ४० मंगलबार, सात सय २ जना नेपाल पर्केका छन्। त्यस्तै बुधबार सात सय १३, बिहिबार पाँच सय ३३ र शुक्रबार छ सय ८० जना भारतबाट नेपाल पर्केका त्रिनगर नाका स्थित हेल्पडेस्कको तथ्याङ्मा उल्लेख छ।

दशैंका लागि भारतबाट घर फर्कन लागेका बझाङका राजेन्द्र गिरीले यसपाली छ बर्षपछि दसैं मनाउन घर आएको बताए। यस्तै तारादेवी उखेडाले दिल्लीमा काम गरेर ७ वर्षपछि यसपाली दसैं मनाउन घर फर्केको बताइन्। "म र मेरो श्रीमान रोजगारीका दिल्ली गएको ७ बर्ष भयो" उनले भनिन्, "यसपाली आफ्नो जन्मभूमीमा गएर दसैं मनाउन भनी घर फर्केका छौं।"

त्यस्तै, कमला सुनारले छोराछोरी नेपालमै छोडेर भारतमा रोजगारी गर्न गएको ५ बर्ष भएको बताइन्। यो बर्ष दसैं पनि मनाउन छोराछोरीसँग भेटघाट गरौं भनि घर फर्केको उनको भनाइ छ। एक महिनाको छुट्टीमा घर फर्केको उनले बताइन्। दसैँपछि फेरी भारत फर्कने उनले बताईन। "नेपालमा रोजगारी के छ र ? यहाँ काम गर्ने वातावरण पनि छैन, फेरि काम गर्ने उद्योगधन्दा पनि नहुनुले कामको खोजीमा भारत जान बाध्य हुनु परेको।" उनले भनिन्।

दसैंको मुखमा कामको खोजीमा भारत जानेको संख्या पनि कम छैन्। आईतबार एक सय ३५, सोमबार एक सय ५०, मंगलबार एक सय १९ जना कामको खोजीमा भारत गएको तथ्याङ्मा उल्लेख छ। बुधबार एक सय ३६, बिहिबार एक सय ५० र शुक्रबार दिउँसोसम्म एक सय ८३ जना नेपाली कामको खोजीमा भारत गएका छन्।

# हमासले सार्वजनिक गरेको बिदाइ तस्बिरमा विपिन जोशी पनि

**बिगूल समाचार**
**५ असोज २०८२**

हमासको सशस्त्र समूहले गाजामा आफ्ना कब्जामा रहेका ४८ बन्दीको 'बिदाइ तस्बिर' सार्वजनिक गरेको छ। शनिबार अनलाइनमा पोस्ट गरिएको संकलित तस्बिरमा जीवित र मृतक दुवै बन्दी छन्, जसमा नेपालका विपिन जोशी पनि देखिएका छन्।

सुदूरपश्चिम विश्वविद्यालयमार्फत 'लर्न एन्ड अर्न' कार्यक्रम अन्तर्गत २० असोज २०८० मा इजरायल पुगेका विपिन हमासको आक्रमणपछि बेपत्ता भएका थिए। सो आक्रमणमा १० नेपाली विद्यार्थीको मृत्यु भएको थियो।

तस्बिरमा सबैको नाम 'रोन अराड' लेखिएको छ, जो १९८६ मा लेबनानमा बेपत्ता भएका इजरायली पाइलट हुन्। हमासले यो तस्बिरलाई नेतन्याहूको अस्वीकार र इजरायली सेनाको आक्रमणसँग जोडेर व्याख्या गरेको छ। इजरायलले अझै २० जना बन्दी रहेको बताउँदै आएको छ भने अमेरिकाले जीवित संख्या त्यसभन्दा कम हुनसक्ने जनाएको छ। यसबीच गाजामा इजरायली आक्रमणले हालसम्म ६५ हजारभन्दा बढीको मृत्यु र १ लाख ६६ हजार भन्दा बढी घाइते भएको प्यालेस्टाइन स्वास्थ्य मन्त्रालयले जनाएको छ।




## नवदुर्गा गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै विद्यालय पठाऔं।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो। बाल श्रमको प्रयोग नगरौं। हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं। प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ। वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**नवदुर्गा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मण्लिेक, डडेल्धुरा**

## मेलौली नगरपालिका बैतडीको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो। बाल श्रमको प्रयोग नगरौं। हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**मेलौली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मेलौली, बैतडी**

## आलिताल गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो। बाल श्रमको प्रयोग नगरौं। हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं। प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ। वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**आलिताल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भिमदत्तपूर, डडेल्धुरा**

## डिभिजन वन कार्यालय, डडेल्धुराको जनहितमा जारी सन्देश

वन संरक्षण हाम्रो दायित्व, समृद्धि र सन्तुलित वातावरणको आधार

वन छ भने जीवन छ, वन बचाऔं भविष्य बनाऔं।

**वन क्षेत्रमा अवैध रुपमा चरिचरन गर्ने, दाउरा काट्ने, घाँस संकलन गर्ने, आगो लगाउने, बालुवा गिट्टी उत्खनन गर्ने कार्य गैरकानुनी हो। यस्तो कार्य गर्नेलाई वन ऐनअनुसार कानुनी कारबाही गरिनेछ।**

सुदुरपश्चिम प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय, डडेल्धुरा**



डडेल्धुरा जिल्लाबाट प्रकाशित लाल बिगूल राष्ट्रिय दैनिकका लागि प्रकाशक तथा सम्पादक : करन साउद,कार्यकारी सम्पादकः जानकी धामी कानुनी सल्लाहकारः- ओम प्रकास सावद, बजार व्यवस्थापकः मदन बोहरा प्रधान कार्यालय अमरगढी ०५ डडेल्धुरा सम्पर्क नं. ९८५८७५१६०० इमेल : lalbigul.news@gmail.com मुद्रणः न्यू कैलपाल अफसेट प्रेश डडेल्धुरा